# भोजपुर जिल्ला अदालत

## भोजपुर

फोन नं ०२९४२०१९५, ४२०७११
Email: info.dcbhojpur@supremecourt.gov.np
Website : supremecourt.gov.np

पत्र संख्याः २०७६/०७७
चलानी नंः .

मिति २०७७/०२/२१

विषयः- **सूचना! सूचना !! सूचना !!!**

यस अदालतमा कानूनी सहायता प्राप्त गर्न नसक्ने असहाय, असक्षम, नबालक, आर्थिक रुपले विपन्न एवं कनून व्यवसायी राख्न नसक्ने थुनुवा भएका मुद्दाहरुमा थुनुवाहरुलाई समेत निः शुल्क कानूनी सहायता उपलव्ध गराउनको लागी जिल्ला अदालत नियमावली २०७५ को नियम, १०१ बमोजिम नियुक्ति हुन भएका वैतनिक कानून व्यवसायीको पदावधी मिति २०७७/०२/२३ गते समाप्त हुने भएको कारण एक जना वैतनिक कानून व्यवसायीको आवश्यक्ता पर्ने भएकोले इच्छुक कानून व्यवसायीहरु बाट दरखास्त आह्वानको लागी यो सूचना प्रकाशन गरिएको छ। इच्चुक कानून व्यवसायीहरुले यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायमा उल्लिखित कागजातहरुको प्रतिलिपि संलग्न राखि यस अदालतको प्रशासन शाखामा दरखास्त दिनु हुन सम्वन्धीत सवै कानून व्यवसायीहरुको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन। अन्य जानकारीको लागी यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नु होला।

<u>तपसिल</u>

१. पद :- वैतनिक कानून व्यवसायी
२. पद संख्या :- १
३. पदावधी :- एक वर्ष
४. मासिक पारिश्रमिक :- तोकिएबमोजिम
५. निवेदन दस्तुर रु.१०।
६. संलग्न कागजातहरु :-
   (क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
   (ख) आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
   (ग) कानून व्यवसायी प्रमाणपत्रको प्रतिलिपि।
७. छनौटको किशिम :- अन्तर्वार्ता
८. दरखास्त दिने स्थान :- भोजपुर जिल्ला अदालत, प्रशासन शाखा।

(विष्णुप्रसाद दाहाल)
नि. सेस्तेदार